## अन्तरिम योजनामा शिक्षा

# शिक्षा तथा खेलकुद

### १९.१ पृष्ठभूमि

व्यक्तिमा अन्तरनिहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु, सक्षम नागरिक तयार गर्नु र मानवीय मूल्य एवं मान्यतालाई आत्मसात गर्नसक्ने नागरिक तयार गर्नु आधुनिक शिक्षाको मुख्य उद्देश्य हो। यसका साथै नागरिकको आर्थिक क्षमता अभिवृद्धि गर्नु, प्राकृतिक स्रोत तथा सामाजिक परम्परा र संस्कृतिको संरक्षण तथा सम्बर्धन गर्नुका साथै राष्ट्रप्रति प्रेम र श्रमप्रति सम्मान जगाउँदैं नवीन ज्ञान, सीप र प्रविधिको विकासमा समायोजन गर्नसक्ने योग्य जनशक्ति उत्पादन गर्ने साधनको रूपमा अङ्गीकार गरेको छ। यसलाई व्यवहारमा उतार्न सके राष्ट्रको विकासमा शिक्षाको योगदान सार्थक रहने हुन्छ। विभेदकारी सामाजिक संरचनाको सुधारबाटै शैक्षिक प्रक्रिया समतामूलक तथा समावेशी हुनसक्ने हुन्छ। साथै शैक्षिक प्रक्रियाहरूलाई आम नागरिक तथा बालबालिकाको दैनिक जीवनसँग तादात्म्य राख्दै स्थानीय-ज्ञान तथा विश्व-ज्ञानको उपयुक्त समायोजन गरी अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादन गर्नु पनि गुणस्तरीय तथा उपलब्धिमूलक शिक्षाको मुल उद्देश्य हो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा राज्यले गरेका प्रतिबद्धताहरू पुरा गर्नु तथा ऐतिहासिक जनसङ्घर्ष तथा जन आन्दोलनबाट प्राप्त लोकतन्त्रलाई संस्थागत गर्नका लागि शिक्षा एक अभिन्न आधार भएको छ। यसलाई जीवनोपयोगी, सान्दर्भिक, रोजगारमूलक, सीपमूलक तथा उत्पादक बनाउन विद्यालय तहको शिक्षाका साथै उच्च एवम् प्राविधिक शिक्षामा समेत समतामूलक हिसाबले पहुँच र गुणस्तर सुनिश्चित गर्न र बिज्ञान तथा प्रविधिका आधुनिकतम उपलब्धीसँग परिचित हुन तथा द्वन्द्वपछिको अवस्थामा पुनःएकीकरण, पुनःनिर्माण, पुनःस्थापना र पुनःसमायोजनजस्ता कार्यको मर्मलाई आत्मसात गरी शिक्षा क्षेत्रको अन्तरिम योजना तयार गरिएको छ।

### १९.२ अद्यावधिक स्थितिको समीक्षा

दशौं योजनामा शिक्षा क्षेत्रसँग सम्बन्धित अपेक्षित लक्ष्य तथा उपलब्धि निम्नानुसार प्रस्तुत गरिएकाछन् ।

**शिक्षाक्षेत्रसँग सम्बन्धित लक्ष्य तथा उपलब्धि**

| क्र.सं. | सूचकहरू | दशौं योजनाको अपेक्षित लक्ष्य | आ.ब. ०६३/६४ को स्थिति |
|---|---|---|---|
| १ | (क) साक्षरता दर (६+ वर्ष) | ७० | ६३ |
| | (ख) साक्षरता दर (१५+ बर्ष) | ६३ | ५२ |
| २ | पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्र समेत सहजै देखिने भर्ना दर | ३२ | ४१.४ |
| ३ | **प्राथमिक तह** | | |
| | (ग) खुद भर्ना दर | ९० | ८७.४ |
| | (घ) छात्राको प्रतिशत | ४७ | ४८ |
| | (च) महिला शिक्षक सङ्ख्या (प्रतिशत) | ३० | ३० |
| ४ | **निम्न माध्यमिक तह** | | |
| | (क) सहजै देखिने भर्ना दर | ६५ | ७१.५ |
| | (ख) छात्रा प्रतिशत | ४५ | ४६.६ |
| ५ | **माध्यमिक तह** | | |
| | (क) सहजै देखिने भर्ना दर | ४५ | ५६.७ |
| | (ख) छात्रा प्रतिशत | ४५ | ४६.६ |
| ६ | **उच्च माध्यमिक तह** | | |
| | (क) सहजै देखिने भर्ना दर | २३ | २३ |
| ७ | **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** | | |
| | (क) नियमित तालिम | ७१०० | २०,३४५ |
| | (ख) अल्पकालीन तालिम | २३५५५ | १५,८०० |
| ८ | **उच्च शिक्षा** | | |
| | (क) सहजै देखिने भर्ना दर | ६ | ६ |

सरकारी र निजी गरी कुल विद्यालय सङ्ख्या २८,१३१ पुगेको छ। प्राथमिक तहमा विद्यार्थी खुद भर्नादर ८७.४ पुगेको छ। प्राथमिक विद्यालयमा छात्र भन्दा छात्राको सहभागिता बढेको छ। यस योजनाको सुरुमा रहेको ४३ प्रतिशत छात्रा सहभागितामा वृद्धि भई लगभग ४८ प्रतिशतमा पुगेको छ। विद्यालय जाने उमेरका बालबालिकामध्ये आदिवासी जनजातिको करिव ३८ प्रतिशत, दलितको १८ प्रतिशत र अपाङ्गको १

प्रतिशत रहेको देखिन्छ। साक्षरता लैङ्गिक समता सूचकाङ्क दशौं योजनाको अन्त्यसम्म ०.८ पुऱ्याउने लक्ष्य राखिएकोमा ०.६१ पुगेको छ। प्राथमिकस्तरमा महिला शिक्षकको अनुपात ३०.६, दलितको २.५ र जनजातिको १७.८ रहेको छ।

प्राथमिक शिक्षाको विकासमा प्रगति देखिएता पनि अझै करिब १२.६ प्रतिशत बालबालिकाहरू प्राथमिक शिक्षाबाट बंचित रहेको देखिन्छ। त्यसमध्ये खासगरी गरिब, दलित मधेशी दलित र आदिवासी जनजाति बालबालिकाहरू प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ। विद्यालय र उच्च शिक्षामा सबै लिङ्ग, वर्ग र क्षेत्रका छात्रछात्राहरूको समान पहुँच पुग्न सकेको छैन। कक्षा दोहोऱ्याउने दर र बीचमै कक्षा छोड्ने दर बढी छ भने उत्तीर्ण हुने दर पनि सन्तोषजनक छैन।

## १९.३ समस्या, चुनौतीहरू तथा अवसरहरू

### १९.३.१ समस्या

गुणस्तरीय शिक्षाका लागि आधारभूत भौतिक पूर्वाधारको विकास हुन नसकेको, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक आपूर्ति गर्न नसकिएको, सामुदायिक तथा निजी विद्यालयबीच विद्यार्थी उत्तीर्ण दरमा ठूलो असमानता रहेको, शैक्षिक बेरोजगारको सङ्ख्यामा वृद्धि हुँदै गएको र महिला, दलित, अपाङ्ग, पिछडिएका वर्ग, जनजाति, मधेशी, द्वन्द्वप्रभावित तथा विस्थापितहरूलाई शिक्षाको मूल प्रवाहमा पूर्ण रूपमा समावेश गर्न नसकिएको र आन्तरिक द्वन्द्वका कारणले शैक्षिक सुविधा तथा सेवाहरू लक्षित समुदायसम्म पुऱ्याउन कठिनाइ पुगेको जस्ता समस्याहरू यस क्षेत्रमा देखिएका छन्।

### १९.३.२ चुनौतीहरू

हाल विद्यमान मुख्य-मुख्य चुनौतीहरूमा विकेन्द्रीकरणलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न नसक्नु, स्थानीय तहका सरोकारवाला एवम् शैक्षिक व्यवस्थापकहरूको कार्यक्षमता अपेक्षित रूपमा वृद्धि गर्न नसक्नु, निरक्षरहरूको सङ्ख्यालाई घटाउनु शिक्षक-विद्यार्थी अनुपात समायोजन गर्न नसक्नु, शैक्षिक संरचनामा संस्थागत सुधार गर्न नसक्नु, उच्च शिक्षामा लागत साझेदारीको सिद्धान्त कार्यान्वयन गर्न नसक्नु विश्वविद्यालयमा रहेको प्रवीणता प्रमाणपत्र तहलाई उच्च माध्यमिक शिक्षामा समायोजन गर्न नसक्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजारसँग

शिक्षालाई आबद्ध गर्न नसक्नु, शैक्षिक कार्यक्रमको प्रभावकारी अनुगमन गर्न नसक्नु, खेलाडीहरूको पेसागत विकास गर्न नसक्नु र देशमा ठूलो सङ्ख्यामा रहेका युवा शक्तिलाई देश विकासको कार्यमा परिचालन गर्न नसक्नु आदि प्रमुख चुनौतीहरूको रूपमा रहेकाछन् ।

### १९.३.३ अवसरहरू

शिक्षा क्षेत्रको विकासका सन्दर्भमा निम्न अवसरहरु देखा परेका छन् ।

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको थालनी हुनु,
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार हुनु,
- अन्तर्राष्ट्रिय मञ्चमा नेपालले गरेको प्रतिबद्धता कार्यान्वयनमा दाताहरूको सहयोग वृद्धि हुनु,
- पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारीवहनजस्ता कार्यमा विद्यालय र स्थानीय समुदायमा चासो बढ्नु,
- विद्यालय व्यवस्थापनमा समुदायको सहभागितामा अभिवृद्धि हुनु,
- गैरसरकारी संस्था तथा निजीक्षेत्रसँगको साझेदारी र सहकार्य अभिवृद्धि हुनु,
- अन्तर्राष्ट्रिय खेलकुद मञ्चमा नेपालको उल्लेख्य सहभागिता र आशातीत सफलता प्राप्त हुनु ।
- आधारभूत शिक्षा निःशुल्क रूपमा उपलब्ध गराउन राष्ट्रिय सहमति र सरकारको नीतिगत प्रतिवद्धता हुनु ।

## १९.४ दीर्घकालीन दृष्टिकोण (Vision)

समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण गर्न लोकतान्त्रिक, समावेशी एवम् समतामूलक गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरी सचेत, सक्षम र उत्पादनशील नागरिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुसार ग्राह्य हुने मानव स्रोतको सुनिश्चितता गर्नु शिक्षा क्षेत्रको दूरदृष्टि हुनेछ ।

## १९.५ उद्देश्य

यस योजनामा शिक्षा तथा खेलकुदसम्बन्धी उद्देश्यहरू देहायबमोजिम रहनेछन्:

- शिक्षामा सवै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर वनाउनु र गुणस्तरयुक्त तथा रोजगारीमूलक शिक्षा प्रदान गर्नु ।
- सबैका लागि समानगुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्नु ।
- उच्च शिक्षालाई अनुसन्धानमूलक तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नेतर्फ विकसित गर्नु ।
- सबै तहको शिक्षालाई समतामूलक एवम् समावेशी बनाउनु ।
- खेलकुद तथा युवा परिचालनमार्फत देशको सामाजिक एकीकरणका लागि आवश्यक सक्षम र अनुशासित युवाशक्ति तयार गर्नु ।

### १९.५.१ परिमाणात्मक लक्ष्य

यस अन्तरिम योजनामा शिक्षाक्षेत्रसँग सम्बन्धित अपेक्षित लक्ष्य निम्नानुसार प्रस्तुत गरिएका छन् ।

**तालिका नं. २ शिक्षाक्षेत्रसँग सम्बन्धित सूचकहरूमा लक्ष्य**

| क्र.सं. | सूचकहरू | आ.ब. ०६३/६४ को स्थिति | ३ वर्षे अन्तरिम योजनाको अपेक्षित लक्ष्य |
|---|---|---|---|
| | **साक्षरता** | | |
| | (क) साक्षरता दर (६+ वर्ष) | ६३ | ७६ |
| | (ख) साक्षरता दर (१५+ बर्ष) | ५२ | ६० |
| | (ग) साक्षरता लैङ्गिक समता सूचकाङ्क | ०.७ | ०.९ |
| | **पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्र समेत** | | |
| | (क) सहजै देखिने भर्ना दर | ४१.४ | ५१ |
| | **प्राथमिक तह** | | |
| | (ख) सहजै देखिने भर्ना दर | १३८.८ | १०४ |
| | (ग) खुद भर्ना दर | ८७.४ | ९६ |
| | (घ) छात्राको प्रतिशत | ४८ | ५० |
| | **निम्न माध्यमिक तह** | | |
| | (क) सहजै देखिने भर्ना दर | ७१.५ | ७५ |
| | (ख) छात्रा प्रतिशत | ४६.६ | ५० |
| | **माध्यमिक तह** | | |
| | (क) सहजै देखिने भर्ना दर | ५६.७ | ६० |
| | (ख) छात्रा प्रतिशत | ४६.६ | ४८ |

योजनाबधिमा सामुदायिक उच्च माध्यमिक विद्यालयको संख्या ५३५ बाट ८७५ मा पुर्‍याउने, प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिमतर्फ २४,००० जनालाई नियमित र १५,००० जना अल्पकालीन र ६,००० जनालाई बैदेशिक रोजगारीका लागि तालिम उपलब्ध गराउने लक्ष्य छ। उच्च माध्यमिक तह र उच्च शिक्षातर्फ सहजै देखिने भर्ना दर क्रमश: २३

बाट ३० र ६ बाट ८ पुऱ्याउने लक्ष्य छ। यसैगरी युवा तथा खेलकुदतर्फ सामुदायिक विकासमा ५,००० युवा परिचालन गर्ने, युवा सशक्तीकरण एवं सामाजिक विकासमा ६,००० जना युवालाई सहभागी गराउने र सामुदायिक माध्यमिक विद्यालयहरुमा १,००० जना खेलकूद शिक्षकको व्यबस्था गर्ने लक्ष्य छ।

## १९.६ रणनीतिहरू

उपर्युक्त उद्देश्य पूरा गर्न देहायका रणनीतिहरू लिइनेछन् ।

- लक्षित वर्ग विशेष गरी महिला, दलित, आदिबासी जनजाति, मधेशी समुदाय,उत्पीडित तथा अपाङ्ग लगायत द्वन्द्व प्रभावित समूह केन्द्रित साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षालाई अभियानका रूपमा सञ्चालन गर्ने ।
- आधारभूत तहको शिक्षालाई निःशुल्क, सर्वसुलभ र अनिवार्य बनाउदैं लैजाने ।
- खुला शिक्षाको समेत प्रयोग गरी शिक्षाको अवसर सबै नेपाली नागरिकको पहुँचभित्र सुनिश्चित गर्ने ।
- प्रत्येक नागरिकका लागि माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने अधिकार स्थापित गर्दै लग्ने ।
- विद्यालय क्षेत्रलाई शान्ति क्षेत्र बनाउन पहल गर्ने ।
- गुणस्तरीय शिक्षाका लागि न्यूनतम आधार, सीप, ज्ञान र सिकाइ उपलब्धि यकीन गरी समानस्तरको शिक्षाको प्रत्याभूति गर्ने ।
- सबैका लागि समानस्तरको आधारभूत शिक्षा अनिवार्य गराउन कार्य योजना तर्जुमा गरी लागू गर्ने ।
- विद्यालय स्तरीकरण कार्यक्रमलाई विस्तार गर्ने ।
- शिक्षकहरूको कार्यदक्षता वृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- शैक्षिक योजना तथा व्यवस्थापनमा स्थानीय तह/निकायको क्षमता अभिवृद्धि गर्ने ।
- एक विकास क्षेत्र एक विश्वविद्यालयको अवधारणा अपनाउनुका साथै विश्वविद्यालयअन्तर्गतका पूर्वाधार पुगेका सक्षम क्याम्पसहरूलाई स्वायत्तता प्रदान गर्दै जाने ।
- अनुसन्धान, संस्थागत परामर्श सेवा र भौतिक साधनको व्यापक परिचालन गर्ने गरी विश्वविद्यालयहरूलाई स्वायत्तता प्रदान गर्ने ।

- खुला विश्व विद्यालयको स्थापना गरी उच्च शिक्षामा सर्व साधारणको पहुँच सुनिश्चित गर्ने । देश सुहाँउदो खुला र दूर शिक्षाको उपयुक्त पद्धतिको अनुसन्धान र विकासमा जोड दिने ।
- महिला, दलित, आदिबासी जनजाति, मधेशी समुदाय,उत्पीडित तथा अपाङ्गलगायत द्वन्द्व प्रभावित समेतलाई लक्षित गरी साक्षरता कार्यक्रमलाई घुम्ती सहजकर्ताको व्यवस्था गरी विशेष रूपमा सञ्चालन गर्ने ।
- विद्यालयहरुलाई बालबालिका मैत्रीपूर्ण वातावरण सिर्जना हुने ब्यबस्था गर्ने ।
- लक्षित समुदायको विद्यालय तहदेखि उच्च शिक्षामा भर्ना र निरन्तरताका लागि छात्रवृत्ति जस्ता आर्थिक तथा अन्य सहुलियत विस्तार गर्ने ।
- लक्षित समूहलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा छात्रवृत्ति, आवास सुबिधा, शुल्क सहुलियत आदिको निश्चित कोटा निर्धारण गर्ने ।
- स्थानीय स्तरमा मेलमिलाप, पुनःस्थापना, शान्ति, द्वन्द्व व्यवस्थापन, मनोसामाजिक परामर्श सेवा कार्यक्रमहरू सञ्चालन गरी द्वन्द्वपीडित सबै महिला-पुरुष तथा बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने ।
- शिक्षित युवाहरुलाई स्वयम् सेवाको माध्यमबाट देश विकासका लागि परिचालन गर्ने ।
- विद्यालय तहदेखि नै खेलकुद तथा युवा विकाससम्बन्धी कार्यक्रमा समायोजन गर्दै लैजाने ।

## १९.७. नीति तथा कार्यनीतिहरू

### १९.७.१ नीतिहरू

- महिला, दलित, आदिबासी जनजाति, मधेशी समुदाय,उत्पीडित तथा अपाङ्ग द्वन्द्व प्रभावित लगायत वर्गलाई लक्षित गरी गैसस, स्थानीय निकाय, विद्यालय तथा निजी क्षेत्रको संलग्नतामा साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

- स्थानीय योग्य महिला एवम् पुरूषलाई आफ्नै घर आँगनमा समेत साक्षरता कक्षा सञ्चालन गर्न सक्नेगरी परिचालन गर्ने ।
- साक्षरता कार्यक्रममा राजनीतिक दललाई परिचालन गर्ने । स्वास्थ्य, वन, कृषि, सहकारी, महिला विकास आदि निकायसँग समेत सहकार्य गर्ने ।
- समुदायमा आधारित बालविकास केन्द्रहरूलाई कार्यक्रमका रूपमा निरन्तरता दिदै मागका आधारमा विस्तार गर्ने ।
- आधारभूत शिक्षा अनिवार्य गराउन केन्द्रदेखि स्थानीयस्तरसम्म सञ्जाल स्थापना गर्ने ।
- भर्नादर बढाउन तथा विद्यालय छोड्ने दर घटाउन पछाडि पारिएका समुदायलाई छात्रवृत्ति, दिवा खाजा, खानेतेल जस्ता सहुलियत एकीकृत सञ्जालमार्फत व्यवस्थित रूपमा वितरण गर्ने ।
- बालबाालिकालाई मातृभाषाको माध्यमबाट शिक्षा दिनुका साथै शिक्षामा त्रयभाषिक नीति अवलम्बन गरिने
- विद्यालय नक्साङ्कन गरी एक गाउँमा कम्तीमा एक विद्यालयको अवधारणा लागू गर्ने ।
- गुरूकूल, मदरसा, गुम्बा, आश्रमबाट प्रदान गरिने परम्परागत शिक्षालाई नियमित औपचारिक शिक्षाका तहसँग समान बनाउने ।
- गुणस्तरीय शिक्षाका लागि न्यूनतम सिकाइ अवस्था निर्धारण गर्ने ।
- विद्यालयमा लक्षित समूहको शिक्षक अनुपात बढाउँदै लगी रिक्त दरवन्दीमा उक्त समूहलाई मिलान गर्न प्राथमिकता दिने ।
- शिक्षकको कार्य दक्षतामा अभिवृद्धि गर्न सक्षमतामा आधारित सेवाकालीन तालिमलाई निरन्तरता दिने ।
- शिक्षा क्षेत्रलाई विशेष स्रोत जुटाउन शिक्षा विकास कोष तयार गरी लागू गर्ने ।
- स्थानीयस्तरको शिक्षा योजना र विद्यालय सुधार योजनाको आधारमा एकमुष्ट अनुदान सीधै विद्यालयमा उपलब्ध गराउने व्यवस्था गर्ने ।
- शिक्षकहरूको कार्य दक्षता अभिवृद्धि गर्न सक्षमतामा आधारित

सेवाकालीन शिक्षक तालिम कार्यक्रमलाई निरन्तरता दिने। स्थानीय तहमा तालिम पाठ्यक्रम विकास गरी मागमा आधारित र पुनर्ताजगी तालिम सञ्चालन गर्ने तथा तालिममा सिकेका सीपलाई कार्य थलोमा उतार्न सहयोग पुर्‍याउन तालिम पश्चात्का कार्यक्रम संयन्त्रको विकास तथा सुदृढीकरण गर्ने।

- उच्च शिक्षामा पहुँच बढाउन खुला विश्वविद्यालय खोल्ने र लक्षित वर्गलाई छात्रवृत्ति तथा सहुलियतपूर्ण विद्यार्थी ऋणलाई प्रोत्साहन दिने।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सरकारी-निजी क्षेत्रको साझेदारीमा कार्य करार (Performance contract) का आधारमा लगानी विस्तार गर्ने।
- नयाँ विश्वविद्यालयलाई प्राविधिक विश्वविद्यालयको रूपमा सञ्चालन गर्न प्रोत्साहित गर्ने। विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको पहल गर्ने।
- राष्ट्रिय प्राथमिकताका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छात्रवृत्ति तथा तालिमका अवसरहरुलाई उपयोग गर्ने।
- युवा संसद, युवा अनुभव आदान प्रदान कार्यक्रमहरू सञ्चालन गर्ने।
- युवा तथा वालवालिकालाई राष्ट्रिय नीति नियम बनाउने प्रक्रियामा अर्थपूर्ण रुपमा सहभागी गराउन राष्ट्रिय संयन्त्र तयार गर्ने।
- बालबालिका तथा युवा क्लबमार्फत उनीहरूलाई सङ्गठित गरी शैक्षिक प्रक्रियाहरूमा उनीहरूको सहभागिता बढाउने। विद्यालय छाड्न वाध्य युवालाई वैकल्पिक शिक्षामार्फत शिक्षा दिने।
- अन्तर्राष्ट्रियस्तरमा पदक पाउने खेलाडीलाई पुरस्कार र रोजगारी व्यवस्था गर्ने।

१९.७.२ कार्यनीतिहरू

- स्थानीय तहमा शिक्षा योजनालगायत शैक्षिक प्रक्रियाका सबै पक्षमा स्थानीय निकाय जिम्मेवार हुने गरी शैक्षिक व्यवस्थापन संघीय विकेन्द्रीकरणको ढाँचामा गरिने। विद्यालयको समूहीकरण, समन्वय,

स्रोत परिचालन, सञ्चालन, निर्देशिका निर्माण तथा गुणस्तर लक्ष्य निर्धारण गर्न जिम्मेबार रहने र विद्यालय व्यवस्थापन समिति विद्यालयको व्यवस्थापन तथा सञ्चालन गर्न जिम्मेबार रहने ।

- विद्यालयमा आधारित व्यवस्थापनमा जोड दिई स्थानीय निकायप्रति जबाफदेही हुनुपर्ने व्यवस्था गरिने ।
- सुशासन, व्यवस्थापन, स्रोत परिचालन, तथा गुणस्तर प्रवर्द्धनका लागि विद्यालयलाई स्वायत्त र जिम्मेवार बनाउनुका साथै सामाजिक लेखा परीक्षण गरी आर्थिक र अन्य कार्य पारदर्शी गराउनु पर्ने व्यवस्था गर्ने ।
- द्वन्द्व र त्यसका कारणले शिक्षा क्षेत्रमा परेका असर र सोलाई सम्बोधन गर्ने उपाय सम्बन्धमा अध्ययन गरिने । विभिन्न शैक्षिक कार्यक्रममा मेलमिलाप, आपसी सद्भाव तथा शान्ति जस्ता पक्ष समावेश गरी द्वन्द्वका कारणले बालबालिकामा सिर्जित मानसिक तनाव, आपसी सद्भावमा कमी, विस्थापनजस्ता समस्या समाधान गर्दै उनीहरूको शैक्षिक अधिकार सुनिश्चित गर्न विशेष ध्यान दिने ।
- किशोरावास्थाका महिलाहरू द्वन्द्वबाट बढी प्रभावित तथा पीडित भएको हुनसक्ने तथ्यलाई मनन गर्दै उनीहरूको समस्या समाधानमा प्राथमिकता दिने । विस्थापितहरूको पुनःस्थापनाका लागि अन्य विभिन्न निकायहरूसँग सहकार्य गर्ने ।
- कार्यक्रमको कार्यान्वयनमा समावेशीकरणलाई साझा नीतिका रूपमा लिने । शिक्षामा लैङ्गिक समता/समानता हासिल गर्न लैङ्गिक मूलप्रवाहीकरण हुने गरी शैक्षिक कार्यक्रमहरू तय गर्ने ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा महिला, दलित, मधेशी, जनजाति, अपाङ्ग, द्वन्द्व प्रभावित तथा सुविधाविहीन वर्गको सहभागितामा विशेष ध्यान दिने । यी वर्गबाटै शिक्षकहरू आपूर्ति गर्ने व्यवस्थाको विकास गरिने ।
- शिक्षामा महिला, दलित, आदिवासी जनजाति, मधेशी, युवा एवम् गरिब वर्गको पहुँच बढाउन बिद्यार्थी भर्नाका आधारमा छात्रवृत्ति र अरु सहुलियत दिने र यस्ता सुविधाका अतिरिक्त उच्च शिक्षामा शैक्षिक ऋणको समेत व्यवस्था गर्ने ।

- केन्द्रदेखि स्थानीय समुदाय तहसम्म शिक्षासँग सम्बन्धित सरोकारवालाहरू, कार्यालय, संघ सस्था एवम् जनशक्तिको क्षमता विकासका लागि संस्थागत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षा क्षेत्रमा भएका उपलब्धिको संस्थागत रूपमा सूचना प्रवाह गर्न सञ्चार प्रविधिको प्रयोगमा जोड दिने । शैक्षिक विकासमा सूचना तथा सञ्चार प्रविधिको विकासलाई संस्थागत गर्दै लगिने ।
- पछाडि रहेका क्षेत्रहरूलाई प्राथमिकता दिई विद्यालय तहदेखि नै शिक्षण तथा व्यवस्थापन कार्यमा सूचना प्रविधिको प्रयोग प्रारम्भ गर्ने ।
- विद्यमान विद्यालय अनुदान प्रणालीलाई सुधार गर्ने । खर्च, उपयोग तथा प्रगति प्रतिवेदनसम्बन्धी प्रक्रियामा सुधार गरी शिक्षाको समग्र विकासमा जोड दिने । राष्ट्रिय साक्षरता कार्यक्रम र आधारभूत शिक्षा सबैका लागि समान रूपमा निःशुल्क उपलब्ध गराउने ।
- माध्यमिक शिक्षा अन्तरिम संविधान अनुरूप निःशुल्क उपलब्ध गराउने गरी स्थानीय निकायबाट सञ्चालन गराउने । साथै कुनै समुदाय वा समूहले चाहेमा लागत साझेदारीता (cost sharing) अनुरूप सञ्चालन गराउन सक्ने कार्यनीति लिइनेछ ।
- व्यावसायिक शिक्षाको लगानी कार्यसम्पादन करार (performance based contract) का आधारमा सञ्चालन गर्ने ।
- उच्च शिक्षा लागत साझेदारी (cost sharing) मा आधारित हुने गरी तहगत रूपमा एकमुष्ट अनुदान (block grants) प्रणाली लागू गर्ने ।
- परिवर्तित सन्दर्भमा कक्षा १ देखि १२ सम्मका राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूपको पाठ्यक्रम, पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको विकास, परिमार्जन, एवम् कार्यान्वयन प्रक्रियामा जोड दिने । यस कार्यमा लैङ्गिक जातिगत तथा क्षेत्रगत चासोहरूलाई विशेष ध्यान दिइनुका साथै नियमित रूपमा पाठ्कम पाठ्यपुस्तकहरूको लैङ्गिक, जातिगत तथा क्षेत्रगत नियमन (Audit) गर्ने पद्धतिको विकास गर्ने ।
- राष्ट्रिय पाठ्यकम प्रारूपका आधारमा संघीय स्थानीय निकायले आ-आफनो क्षेत्रको लागि उपयुक्त पाठ्यकम विकास गर्ने ।

बहुपाठ्यपुस्तकको अवधारणाअनुसार पाठ्यपुस्तक र अन्य पाठ्यसामग्रीहरूको उत्पादन र वितरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गर्ने ।

- सवै मातृभाषाहरुमा शिक्षाको पहुँच वढाउन समुदाय केन्द्रित शिक्षा नीति लागू गर्ने ।
- स्थानीय मातृभाषी बालबालिकाहरूको सिकाइ सुनिश्चितताका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय निकायको परामर्शमा शिक्षाको माध्यम भाषाबारे निर्णय लिने ।
- चरणबद्ध रूपमा कक्षा सातसम्म तोकिएको सिकाइउपलब्धि सुनिश्चित गरी उदार कक्षोन्नति व्यवस्था लागू गर्ने र यसो गर्दा विद्यार्थीको उपलब्धिको आधारमा ग्रेडिङ गर्ने । विद्यार्थीले तहगत न्यूनतम सिकाइउपलब्धि हासिल गराउन विद्यालयको शिक्षण सिकाइमा सुधार गर्ने परिपाटीको विकास गर्न विद्यालयलाई सहयोग गर्ने । उपचारात्मक शिक्षण पद्धतिबाट सेवा प्रदान गर्ने प्रावधान राख्ने ।
- हालको एस.एल.सी. परीक्षा बोर्ड र उच्च माध्यमिक शिक्षा परीक्षा बोर्ड एकीकृत गरी राष्ट्रिय परीक्षा बोर्डमा रूपान्तरण गर्न तयारी गर्ने । कक्षा १० को हकमा राष्ट्रिय परीक्षा बोर्डमार्फत प्रमाण-पत्र प्रदान गर्ने गरी विकेन्द्रीकरण अनुरुपक्षेत्रीय स्तरमा परीक्षा सञ्चालन गर्ने । कक्षा १२ को हकमा अन्तिम परीक्षाको व्यवस्थापन तथा सञ्चालन राष्ट्रिय परीक्षा बोर्डले गर्ने सम्बन्धमा तयारी गर्ने ।
- सबै तहको परीक्षा प्रणालीलाई स्तरीय बनाउन सम्बन्धित क्षेत्र समेतको संलग्नतामा उच्चस्तरीय समितिको व्यवस्था गरिनेछ ।
- औपचारिक वा अनौपचारिक रूपबाट आर्जित सिकाइउपलब्धिलाई निर्माणात्मक तथा सुधारात्मक मूल्याङ्कन र प्रमाणीकरणसँग आबद्ध गर्ने । साधारण शिक्षा र प्राविधिक/व्यावसायिक शिक्षाबीच खुलाद्वार नीति अवलम्बन गर्ने । स्वतन्त्र मूल्याङ्कन (Independent assessment ) पद्धतिका आधारमा प्राप्त प्रतिवेदनलाई पाठ्यक्रम सुधारको आधार बनाउने ।

- शैक्षिक क्षेत्रमा सहभागिता, पारदर्शिता, जवाफदेहिता, कार्यक्षमता विकास, सेवाको गुणस्तर विकास, अधिकार दुरूपयोग तथा भ्रष्टाचार नियन्त्रण आदिका लागि संस्थागत सुदृढीकरण, सामाजिक संपरीक्षण जस्ता शासकीय सुधारका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्ने ।

## १९.८ प्रमुख कार्यक्रमहरू

### *क. साक्षरता साक्षरोत्तर शिक्षा तथा आयमूलक कार्यक्रम*

सवैका लागि शिक्षा-राष्ट्रिय साक्षरता अभियानलाई प्रभावकारी बनाउन विशेष गरी पछाडि पारिएका समुदाय, दलित, लोपोन्मुख जनजाति, आदिबासी एवम् महिलावर्गको आवश्यकता पहिचान गरी अनौपचारिक शिक्षा तथा आयमूलक कार्यक्रमलाई लक्षित वर्ग र क्षेत्र (targeted group and area) मा केन्द्रित गर्नेगरी सञ्चालन गरिनेछ । त्रिवर्षीय योजनाको प्रथम वर्षमै घुम्ती सहजकर्ताको कार्य विवरण एवम् कार्य प्रणालीको विकास गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । यस अन्तर्गत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन्:

- ११,१९,००० जनाको लागि आधारभूत तहको साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।
- गाँउ शिक्षा योजना तयार भएका ६०० गाविसमा साक्षरता कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने ।
- अति सिमान्तकृत र लोपोन्मुख जनजातिहरू - कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुसबडिया, चेपाङ्ग, बोटे, बराम्बु, दनुवार, मुसहर, सतार, पहरी, हलखोर आदि समूहका २०,००० जनाका लागि उनीहरूको दैनिक जीवनसंग तादात्म्य राख्ने आधारभूत साक्षरता शिक्षा कार्यक्रम दिने ।
- ७,९४,२४७ जनाको लागि साक्षरत्तोर कार्यक्रम सञ्चालन गर्ने ।
- बीचैमा विद्यालय छाडेका बालबालिकाका लागि ३० जिल्लामा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- १२९ वटा सामुदायिक विकास अध्ययन केन्द्र सञ्चालन गर्ने ।
- ५ वटा सामुदायिक अध्ययन केन्द्र मार्फत साक्षरता कार्यक्रममा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।

### *ख. वैकल्पिक विद्यालय शिक्षा (दूर शिक्षा तथा खुला सिकाइ) कार्यक्रम*

विद्यालय शिक्षाको सन्दर्भमा समतामूलक पहुँचको सुनिश्चितताका लागि खुला शिक्षा तथा दूर सिकाइ, बैकल्पिक विद्यालय लगायत सबै प्रकारका विद्यालय खोल्ने, गाभ्ने र स्तरबृद्धि गर्ने जस्ता कार्यक्रमहरूको सञ्चालन गरिनेछ। विद्यालय उमेर समूहका सबै किसिमका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न दूर शिक्षा तथा खुला सिकाइ पद्धतिको खुला विद्यालय व्यवस्था गरिनुका साथै बालबालिकाहरूको सिकाइ एवम् ज्ञानको समकक्षता निर्धारण गर्ने कार्यक्रम सञ्चालन गर्ने र औपचारिक विद्यालय शिक्षा एवम् खुला विद्यालयमा प्रवेश गर्ने व्यवस्था गराई प्रमाणीकरणको व्यवस्था मिलाइनेछ। यसअन्तर्गत निम्न कार्यक्रम सञ्चालन गरिनेछन्।

- १५ जिल्लामा वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।
- शिक्षामा समतामूलक पहुँचको सुनिश्चितताका लागि खुला शिक्षा तथा दूर सिकाइ कार्यक्रम सञ्चालन गर्ने।

### *ग. पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बालविकास केन्द्र*

समुदायमा आधारित बालविकास केन्द्रहरूलाई कार्यक्रमका रूपमा निरन्तरता दिदै मागका आधारमा विस्तार गरिनेछ। प्रारम्भिक उमेर समूहका बालबालिकाको पहुँच वृध्दि गर्न विद्यालयमा पनि १ वर्षे पूर्व प्राथमिक कार्यक्रम सञ्चालनमा व्यापकता ल्याइनेछ। पछाडि पारिएका जनजाति, महिला, मधेशी, लोपोन्मुख जाति एवम् दलितहरू अवस्थित क्षेत्र पहिचान गरी समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रलाई एकीकृत कार्यक्रमसँग समायोजन गरी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिनेछ। सामुदायिक बालविकास केन्द्र सञ्चालनको मुख्य जिम्मा स्थानीय निकायमा रहनेछ। स्थानीय निकायले विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहयोगमा स्थानीय तहका संघ संस्थाहरू जस्तै आमा समूह, यूवा समूह, उपभोक्ता समूह, वचत समूह आदिलाई परिचालन गर्नेछन्। यसअन्तर्गत निम्नानुसार कार्यक्रम सञ्चालन गरिनेछन्:

- ९००० नयाँ पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने।
- पछाडि पारिएका जनजाति, मधेशी, लोपोन्मुख जनजाति एवम् दलित अवस्थित क्षेत्र पहिचान गरी उनीहरूको दैनिक जीवनसँग तादात्म्य

राख्ने गरी ४००० समुदायमा आधारित प्रारम्भिक वालविकास केन्द्र स्थापना गर्ने ।

*घ. आधारभूत शिक्षा*

शिक्षाको अवसर र लगानीमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, गरिब, द्वन्द्व प्रभावित, विस्थापित र पछाडि पारिएका वर्गलाई प्रत्यक्ष हिस्सेदार बनाउने गरी कार्यक्रम तर्जुमा गरिएका छन् । यी समूहका बालबालिकाहरूलाई हाल प्रदान गरिँदै आएको छात्रवृत्तिलाई परिमार्जन गरी लागू गरिनेछ। मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितताका लागि मागको आधारमा कार्यक्रम विस्तार गर्दै लगिनेछ। यसअन्तर्गत निम्नानुसार कार्यक्रम सञ्चालन गरिनेछन् ।

- आधारभूत तहको कक्षा १-८ को कार्यक्रम परीक्षणको रूपमा कार्यान्वयन गर्ने ।
- दलित परिवारका ७९०००० बालबालिकाहरूलाई बार्षिक रूपमा छात्रबृत्ति प्रदान गर्ने ।
- ३१,८०,००० छात्रालाई छात्रबृत्ति प्रदान गर्ने ।
- कर्णाली अञ्चलका सामुदायिक प्राथमिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूमध्ये ९६,५७२ अर्थात सम्पूर्ण छात्राहरूका लागि प्रति छात्रा मासिक रू. १०० का दरले १० महिनाको छात्रवृत्रि प्रदान गर्ने
- ४४,००,००० विद्यार्थीहरूका लागि विद्यालय सुधार योजनाका आधारमा तराई, पहाड तथा हिमाल क्षेत्रका प्रति विद्यार्थीका लागि क्रमश रू. २७५, ३००, र ३२५।- का दरले विद्यालयलाई बार्षिक रूपमा अनुदान प्रदान गर्ने ।
- १६,८०,००० विद्यार्थीका लागि दिवा खाजा तथा खाने तेल वितरण गर्ने (कर्णालीका ५ समेत २६ जिल्ला)
- ३२,४०० अपाङ्ग विद्यार्थीहरूलाई समाहित शिक्षा कार्यक्रम अन्तर्गत छात्रबृत्ति प्रदान गर्ने ।

*ङ. माध्यमिक शिक्षा*

माध्यमिक शिक्षामा पहुँच वढाउन महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, गरिब, द्वन्द्व प्रभावित, विस्थापित र पछाडि पारिएका वर्गलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने कार्यक्रम

प्राथमिकताकासाथ कार्यान्वयन गरिनेछ। साथै यसका लागि विशेष प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछन्। विद्यालय नक्साङ्कनका आधारमा माध्यमिक शिक्षाको पहुँच विस्तार गरिनेछ। यसअन्तर्गत निम्न कार्यक्रम सञ्चालन गरिनेछन्:

- माध्यमिक तहको कक्षा ९-१२ को कार्यक्रम परीक्षणको रूपमा कार्यान्वयन गर्ने ।
- माध्यमिक तहमा अध्ययनरत १,८०,००० विद्यार्थीका (दुई तिहाई छात्रा) लागि प्रति वर्ष रु १७०० छात्रवृत्ति दिने।
- कक्षा ११ र १२ सञ्चालित २२७९ सामुदायिक उच्च माध्यमिक विद्यालयहरूका लागि दुई शिक्षकको तलब बराबरको अनुदान प्रदान गर्ने ।
- कर्णाली अञ्चल विशेष कार्यक्रम:
- सामुदायिक माध्यमिक विद्यालयहरूमा अध्ययनरत ४८९७८ विद्यार्थीका लागि निःशुल्क शिक्षा दिन प्रति विद्यार्थी रू. ५००।- का दरले विद्यालयलाई अनुदान प्रदान गर्ने ।
- सामुदायिक निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूमा अध्ययनरत १४२८२ अर्थात सम्पूर्ण छात्राहरूको लागि प्रति छात्रा मासिक रू. १५० का दरले १० महिनाको छात्रवृत्रि प्रदान गर्ने ।
- कक्षा ११ र १२ सञ्चालित ६० सामुदायिक उच्च माध्यमिक विद्यालयका लागि चार शिक्षकको तलब बराबरको अनुदान प्रदान गर्ने ।
- सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययनरत छात्राहरूमध्ये जेहेन्दार २०%, दलित २०%, अपाङ्ग २०%, पिछडिएका जनजाति २०% र आर्थिक रूपमा कमजोर वर्ग २०% पर्नेगरी बढीमा ९६०० छात्राका लागि छात्रबृत्ति प्रदान गर्ने ।
- सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत लोपोन्मुख जनजातिका १५०० विद्यार्थीका लागि विशेष छात्रबृत्ति प्रदान गर्ने ।
- दलित परिवारका ४१७१५९ अर्थात सबै विद्यार्थीहरूका लागि निःशुल्क निम्न माध्यमिक तथा माध्यमिक शिक्षा उपलव्ध गराउन प्रति विद्यार्थी रू. ५००।- का दरले विद्यालयलाई अनुदान प्रदान गर्ने ।

- निम्न माध्यमिक तथा माध्यमिक तहमा अध्ययनरत ४,७७० अपाङ्ग विद्यार्थीहरूका लागि छात्रबृत्ति प्रदान गर्ने ।

*च. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम*

न्यून तथा मध्यमस्तरीय सीपयुक्त प्राविधिक जनशक्ति उत्पादन गर्न स्थानीय स्रोत साधनको आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक-निजीक्षेत्र साझेदारीमा स्थानीय घरेलु तथा सीप विकास केन्द्र तथा सामुदायिक सङ्घ-संस्थामार्फत मागका आधारमा इलम प्रशिक्षण केन्द्र स्थापना गर्ने कार्यक्रमका साथै प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न प्राविधिक प्रशिक्षक प्रशिक्षणलाई निरन्तरता दिने गरी कार्यक्रम सञ्चालन गरिनेछ । यसका साथै छोटो अवधिको तालिम आधारभूत शिक्षा प्राप्त गरेका र बैदेशिक रोजगारीमा जान चाहने युवाहरूप्रति लक्षित हुनेछ ।

महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग, गरिब, मधेशी, द्वन्द्व प्रभावित, विस्थापित र पछाडि पारिएका वर्गको अवस्थित क्षेत्र पहिचान गरी सघन रूपमा आय आर्जनउन्मुख व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय परिवेश सुहाउँदो उद्योग व्यवसाय सञ्चालन गर्न चाहने उद्यमीको मागका आधारमा लागत साझेदारीसहितको तालिम कार्यक्रमका स्किमहरूको विकास गरी कार्यान्वयन गरिनेछ । परम्परागत सीपको प्रमाणीकरण गरी माथिल्लो तहको शिक्षाका अवसरहरू सिर्जना गरिनेछ । यस अन्तर्गत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन्:

- नियमिततर्फ २४,००० जनालाई तालिम प्रदान गर्ने ।
- अल्पकालीन तालिम १५,००० जनालाई दिने ।
- ३० वटा विद्यालयमा एनेक्स कार्यक्रम सञ्चालन गर्ने ।
- ४५०० जनाको सीप प्रमाणीकरण कार्य सम्पन्न गर्ने ।
- महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, गरिब, द्वन्द्व प्रभावित, विस्थापित र पछाडि पारिएका वर्ग तथा विस्थापितहरूबाट १२०० जनाका लागि प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिममा छात्रबृत्ति प्रदान गर्ने ।
- ४२,६४० जनाका लागि रोजगारीका लागि सीप तालिम प्रदान गर्ने ।
- ६००० जनाको लागि बैदेशिक रोजगारीका लागि मागमा आधारित तालिम सञ्चालन गर्ने ।

### *छ. उच्च शिक्षा*

उच्च शिक्षाको पँहुच सुलभ बनाउनुका साथै यसको गुणस्तर सुधार ल्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछन् । विश्व विद्यालयमा स्नातक तह वा सोभन्दा माथिका शिक्षा उपलब्ध गराउने नीति लिइनेछ। विश्व विद्यालयहरूलाई नियमन गर्न स्तर निर्धारण कार्यक्रम कार्यान्वयन गर्नुका साथै विश्व विद्यालयहरूको अनुगमन तथा मूल्याकंनमा जोड दिइनेछ। स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई सामुदायिक विकास सेवामा परिचालन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। प्रतिभाशाली तर आर्थिक कारणले उच्च शिक्षा अध्ययन गर्ने अवसर नपाएका वर्गलाई छात्रवृत्ति, निःशुल्क वृत्ति र विद्यार्थी सहुलियत ऋणजस्ता कार्यक्रम सञ्चालन गरिनेछन् । कृषि विश्व विद्यालय र प्रौद्योगिक विश्व विद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्नुका साथै एक विकास क्षेत्रमा एक विश्व विद्यालय स्थापना गर्ने कार्यक्रम ल्याइनेछ। यस अन्तर्गत निम्नानुसार कार्यक्रम सञ्चालन गरिनेछन्:

- १२,६०० छात्राको लागि उच्च शिक्षा अध्ययनका निमित्त छात्रबृत्ति प्रदान गर्ने ।
- ४५०० जना विपन्न वर्गका विद्यार्थीका लागि ऋण तथा अनुदान वितरण गर्ने ।
- त्रिभुवन विश्वविद्यालय अन्तर्गतका ६ आङ्गिक क्याम्पसलाई स्वायत्तता प्रदान गर्ने ।
- खुला विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने ।
- सामुदायिक सम्बन्धन प्राप्त १० क्याम्पसहरूका लागि भौतिक तथा शैक्षिक क्षमता अभिबृद्धि गर्ने ।
- ३ साना विश्वविद्यालयहरूलाई सूत्रमा आधारित अनुदानको व्यवस्था गर्ने ।

### *ज. शिक्षामा गुणस्तर विकास*

अभिभावक, शिक्षक, व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका सदस्यहरू, स्थानीय निकायका प्रतिनिधि तथा शैक्षिक व्यवस्थापकहरूका लागि नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नुका साथै

शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछन्। शिक्षक तालिम र अध्यापन अनुमति पत्र, विद्यालय शिक्षाका सबै तहमा कम्प्युटर साक्षरताको उपयोग, विद्यालय तहमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी विषयहरूको अध्यापन, उच्च शिक्षामा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि, मन्त्रालयअन्तर्गतका सबै तहमा कार्यरत कर्मचारीहरूलाई लामो र छोटो अवधिका तालिम दिइनेछ। शिक्षकहरूको पेसागत सञ्जाललाई विद्यालयस्तरको शिक्षा अनुगमन गर्ने संयन्त्रको रूपमा विकास तथा उपयोग गरिने, स्थानीय तहदेखि नै शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास गरिन, र गुणस्तर विकासका लागि शिक्षाका सबै तहहरूमा शैक्षिक अनुसन्धान प्रणालीको संस्थागत विकास गरिनेछ।

सामुदायिक विद्यालयहरूमा क्रमशः पुस्तकालय स्थापना गर्ने, पिछडिएका क्षेत्रहरूमा विभिन्न शैक्षिक संस्थाहरूलाई पुस्तकालयहरू खोल्न तथा सञ्चालन गर्न स्थानीय निकाय तथा संघ-सस्थाहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम ल्याइनेछ। सबै तहमा गुणस्तरका लागि न्यूनतम आधारहरू र सिकाई उपलब्धिसहितको मापनयोग्य सूचकहरू विकास गरी कार्यान्वयन गरिनेछ। अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा आउनका लागि समकक्षताका कार्यक्रमहरू ल्याइनेछन्। साथै परीक्षा, अनुगमन एवम् सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी तुल्याइनेछ।

विद्यालय शिक्षालाई जीवनोपयोगी तथा सान्दर्भिक बनाउन राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा पाठ्यक्रम पाठ्यपुस्तकको निर्माण गरिनेछ। विभेदकारी सामाजिक संरचना विरुद्धको चेतना, लैङ्गिक तथा जातिगत चेतना, समतामूलक समाज निर्माण, आदि पक्षहरूसहित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा प्रयोगकर्ताहरूको क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरिनेछन्। यस अन्तर्गत निम्नानुसारका कार्यक्रम सञ्चालन गरिनेछन्

- परिवर्तित सन्दर्भमा पाठ्यक्रम पाठ्यसामग्री (मातृभाषासमेत) परिमार्जन, विकास र प्रवोधीकरण गर्ने।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणका लागि ९०,००० जनालाई अभिमुखीकरण गराउने।
- पाठ्यक्रम पाठ्यसामग्री सम्बन्धी अध्ययन अनुसन्धानका लागि एक स्रोतकेन्द्र स्थापना गर्ने।

- विद्यालय तहका २८०५२३ शिक्षकहरूका लागि अल्पकालिन तथा दीर्घकालीन तालिम प्रदान गर्ने ।
- १८८८५ जनाको लागि व्यवस्थापन तालिम प्रदान गर्ने ।
- मागमा आधारित शिक्षक तालिम सञ्चालन गर्ने ।
- संस्थागत क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षा पुरस्कार कोष स्थापना गर्ने ।
- शैक्षिक अनुसन्धान प्रणाली विकास गर्ने ।

*झ. खेलकुद विकास कार्यक्रम*

खेलकुद र अतिरिक्त क्रियाकलापलाई विद्यालयदेखि उच्च शिक्षासम्मका कार्यक्रमसँग आबद्ध गर्दै अन्तर्राष्ट्रिय स्तरसम्मका प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक माध्यमिक विद्यालयमा एक एक खेलकूद शिक्षक व्यवस्था गरिनेछ। खेलकुदलाई व्यवसायमूलक बनाउन क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुका साथै खेलाडीहरूलाई प्रोत्साहन गर्नका लागि पुरस्कारहरूको समेत व्यवस्था गरिनेछ। यस अन्तर्गत निम्नानुसारका कार्यक्रम सञ्चालन गरिनेछन्:

- महिला, दलित, पिछडिएका वर्ग, जाति, जनजाति, मधेशी, द्वन्द्व प्रभावित तथा विस्थापित समुहबाट सामुदायिक माध्यमिक विद्यालयहरूमा १००० जना खेलकुद शिक्षकको व्यवस्था गर्ने ।
- खेल पर्यटनलाई प्रबर्द्धन गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- खेलाडीहरूको क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

*ञ. युवा विकास तथा स्काउटिङ कार्यक्रम*

परिवर्तित सन्दर्भमा समयसापेक्ष युवा विकास नीति ल्याई सामाजिक रूपान्तरणका लागि युवावर्गलाई देशको सामाजिक विकासमा सक्रिय सहभागी गराई उनीहरूको जीवनस्तर माथि उठाउन युवा अडिटिङ्, युवा संसद, युवा अनुभव आदानप्रदान तथा स्वयम्सेवक परिचालन जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसका साथै यस अन्तर्गत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

- ५००० जना युवाहरूकालागि युवा सशक्तीकरण (School to work transit) कार्यक्रम सञ्चालन गर्ने ।

- महिला, दलित, अपाङ्ग, पिछडिएका वर्ग, जनजाति, मधेशी, द्वन्द्व प्रभावित तथा विस्थापित १००० युवाहरूलाई सामाजिक विकास निर्माण कार्यमा लगाउने कार्यक्रम सञ्चालन गर्ने ।
- युवा अडिटिङ्ग कार्यक्रम सञ्चालन गर्ने ।
- युवा संसद, युवा अनुभव आदानप्रदान र सामुदायिक विकासमा ५००० युवा स्वयम्सेवक परिचालन गर्ने ।
- स्काउटिङलाई विद्यालय शिक्षादेखि नै आबद्ध गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

*ट. भौतिक निर्माण तथा पुनः निर्माणसम्बन्धी कार्यक्रमः*

भौतिक निर्माणसम्बन्धी कार्यक्रमलाई थप प्रयोगकर्ता-मैत्री बनाउनुका साथै द्वन्द्वबाट क्षति पुगेका विद्यालय, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, शैक्षिक तालिम केन्द्र, क्षेत्रीय शिक्षा निर्देशनालय लगायतका संस्थाहरूको मर्मत, सुधार तथा पुनःनिर्माण गरिनेछ। यस अन्तर्गत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

- १८,००० कक्षाकोठा निर्माण गर्ने ।
- १२० वटा समाहित स्रोत कक्षा निर्माण गर्ने ।
- २८ लेखाजोखा केन्द्र स्थापना गर्ने ।
- १२,००० शौचालय निर्माण गर्ने ।
- १२,००० विद्यालयहरूमा खानेपानीको व्यवस्था गर्ने ।
- ९००० विद्यालय पुनःस्थापना गर्ने ।
- महिला, दलित, पिछडिएका वर्ग, जाति, जनजाति, द्वन्द्व प्रभावित तथा विस्थापित समूहहरू समेतलाई समेट्ने गरी ३ आवासीय हिमाली/दुर्गम छात्रावास निर्माण गर्ने ।

## १९.९ अपेक्षित उपलब्धिहरू

शिक्षा तथा खेलकूद क्षेत्रमा अपेक्षित उपलब्धि देहाय बमोजिम रहेको छ ।

- विद्यालय तथा उच्च शैक्षिक संस्थाहरू बृद्धि भै मुलुकको समग्र शैक्षिक सूचकहरूको स्थिति सुधार हुने ।
- दुर्गम क्षेत्र, महिला, दलित तथा मधेशी समुदायमा सेवा बढन गै उनीहरूको जीवनस्तरमा सुधार हुने ।
- शिक्षा स्थानीय आवश्यकतामा आधारित भई रोजगारमूलक हुने ।

- शिक्षामा क्षेत्रीय सन्तुलनको अवधारणा अनुरूप कार्यक्रम सञ्चालन हुने ।
- शैक्षिक संस्थाहरूको संरचनागत सुधार हुने ।
- परीक्षा प्रणालीमा सुधार हुने ।
- समुदायमा विद्यालय हस्तान्तरणपछि बिद्यालय ब्यबस्थापनमा हुने सुधारले गर्दा गुणस्तर सुधार आउने ।

## १९.१० अनुमान तथा जोखिमहरू

### *१९.१०.१ अनुमानहरू*

शिक्षा तथा खेलकुदसम्बन्धी यस योजनामा उल्लिखित रणनीति, नीति तथा कार्यक्रमहरू सञ्चालन गरी निर्दिष्ट उद्देश्य हासिल गर्न देहायबमोजिम अनुमान गरिएको छ ।

- प्रस्तावित सबैका लागि शिक्षा कार्ययोजना तथा उच्च शिक्षा परियोजनाको कार्यक्रमअनुरूपका नीतिगत कार्यक्रममा सर्वपक्षीय समझदारी कायम रहिरहने ।
- शिक्षा क्षेत्रमा हाल प्रतिबद्धता जनाइएको सहयोगका अतिरिक्त अपेक्षित सहयोगको निरन्तरता तथा अभिवृद्धि हुने ।
- हाल त्रिविविअन्तर्गत रहेका शैक्षिक संस्थाहरूलाई स्वायत्तता प्रदान गर्दा शिक्षक तथा कर्मचारीहरूको सहयोग रहिरहने ।

### *१९.१०.२ जोखिम*

यस विषयगत क्षेत्रमा लिइएको उच्च शिक्षासम्बन्धी उद्देश्य हासिल गर्न उच्च माध्यमिक तहका शिक्षकहरूको वृत्ति विकास तथा सुविधाले अपेक्षित खर्चमा दीर्घकालीन असर पर्ने गरी बृहत वृद्धि हुनसक्ने जोखिम रहेको छ ।

## १९.११ अनुमानित बजेट ब्यबस्था

तीन वर्षीय अन्तरिम योजनाको लागि कुल अनुमानित बजेट २०६३/६४ को स्थिर मूल्यमा निम्नानुसार रहेको छ

**तालिका नं. ४ - कुल अनुमानित बजेट**

**रू. करोडमा**

| **क.सं.** | **कार्यक्रम** | **कूल वजेट** |
|---|---|---|
| १ | साक्षरता तथा आयमूलक कार्यक्रम | 94.50 |
| २ | वैकल्पिक विद्यालय शिक्षा (दूर शिक्षा तथा खुला सिकाइ) कार्यक्रम | 0.52 |
| ३ | पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बालविकास | 131 |
| ४ | प्राथमिक शिक्षा | 999 |
| ५ | माध्यमिक शिक्षा | 118 |
| ६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 82 |
| ७ | उच्च शिक्षा (दोस्रो उच्च शिक्षा परियोजना समेत) | 824 |
| ८ | शिक्षामा गुणस्तर विकास | 712 |
| ९ | खेलकुद विकास कार्यक्रम | 4 |
| १० | युवा विकास तथा स्काउटिङ कार्यक्रम | 4.98 |
| ११ | भौतिक निर्माण तथा पुनः निर्माणसम्बन्धी कार्यक्रम | 565 |
| | **जम्मा** | **3535** |

## १९.१२ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

यस योजनाको कार्यान्वयनलाई प्रभावकारी एवम् नतिजापरक बनाउनका लागि संस्थागत, कानुनी तथा नीतिगत पक्षमा देहायबमोजिम सुधार गरिनेछ ।

### *१९.१२.१ संस्थागत संरचनाको विकास*

यस योजनामा शिक्षासँग सम्बन्धित देहायबमोजिम संस्थागत सुधार गरिनेछ ।

- शिक्षा नीति निर्धारण समितिलाई सक्रिय तुल्याइने ।
- उच्च शिक्षामा गुणस्तर अभिवृद्धि गर्न प्राज्ञिक समूहको संलग्नता हुनेगरी एक अनुसन्धान परिषद् गठन गरिने ।
- शैक्षिक जनशक्ति विकास केन्द्रलाई मानव संसाधन विकास गर्ने संस्थाको रूपमा विकास गर्न क्षमता वृद्धि गर्ने ।

- उच्च माध्यमिक शिक्षा परिषद्को कक्षा ११ र १२ र परीक्षा नियन्त्रण कार्यालयअन्तर्गतको कक्षा १० को परीक्षालाई एकीकृत एउटै संस्थाबाट लिने व्यवस्था मिलाउन पहल गरिने ।
- विश्वविद्यालय अनुदान आयोगअन्तर्गत गुणस्तर सुनिश्चितता र मान्यताका लागि समकक्षता निर्धारण परिषद् गठन गरिने ।
- उच्च शैक्षिक संस्थाहरूमा अनुदान वितरणलाई सूत्रमा आधारित बनाउने गरी संस्थागत सुधार गरिने ।
- क्षेत्रीय शिक्षा निर्देशनालयहरूलाई अनुगमन र कक्षा १० को परीक्षा सञ्चालन गर्ने निकायको रूपमा विकास गरिने ।

*१९.१२.२ कानुनी पक्षमा सुधार*

यस योजनामा शिक्षासँग सम्बन्धित देहायबमोजिम कानुनी सुधार गरिनेछ ।

- शिक्षा क्षेत्रको संरचनागत तथा कार्यमूलक समायोजन गर्न एवम् विद्यालय क्षेत्र पद्धतिको कार्यान्वयनमा सहयोग पुऱ्याउन शिक्षासँग सम्बद्ध सातवटा ऐन नियममा सुधार गरिने ।
- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई नियमको दायरामा ल्याइने ।
- लेखा परीक्षण, सामाजिक परीक्षण (Social audit) कार्यसम्पादन परीक्षण (Performance audit) को कानुनी प्रावधान राखी पारदर्शिता कायम गरिने ।

*१९.१२.३ नीतिगत पद्धतिमा सुधार*

यस योजनामा शिक्षासँग सम्बन्धित देहायबमोजिम नीतिगत सुधार गरिनेछ ।

- शिक्षण-सिकाइ क्रियाकलापमा सुधार ल्याउन विद्यालयमा आधारित शिक्षक तालिम र प्रयोगकर्ता अनुकूलको पाठ्यसामग्री विकास कार्यक्रमलाई सुदृढ गरिने ।
- अनुदान प्रणालीमा सुधार गरी विद्यालयमा सोझै निकासा जाने प्रबन्ध मिलाइने ।
- कक्षा १-८ को आधारभूत शिक्षा र कक्षा ९-१२ को माध्यमिक शिक्षा कायम गरी कक्षा १-१२ को विद्यालयीय शिक्षा संरचना निर्माण गर्न विद्यालय क्षेत्र सुधार कार्यक्रम तयार गरी क्रमशः परीक्षण अध्ययन गर्ने ।

- शिक्षाको पहुँच सुनिश्चित गर्न खुला र दूर शिक्षा प्रणालीलाई विस्तार गरिने ।
- गुणस्तरीय शिक्षाका लागि न्यूनतम सिकाइका आधारहरू निर्धारण गरिने ।
- शिक्षाका लागि सञ्चार रणनीति कार्यान्वयनमा ल्याइने ।

*१९.१२.४ अनुगमन र मूल्याङ्कन*

यस योजनामा शिक्षासम्बन्धी अनुगमन तथा मूल्याङ्कनका लागि निम्न बमोजिम व्यवस्था गरिनेछ ।

- अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण प्रणालीमा सुधार गर्न स्थानीय निकाय, गैरसरकारी संघ संस्था तथा नागरिक समाज, शिक्षक युनियन र संस्थागत विद्यालय आदिसँग सहकार्य गरिने ।
- विद्यालय शिक्षाको गुणस्तरको सुनिश्चितताका लागि केन्द्रदेखि विद्यालय तहसम्म निरीक्षण, सुपरिवेक्षण र अनुगमन कार्यलाई सुदृढ गर्ने संयन्त्रको विकास गरिने ।
- समतामूलक र गुणस्तरीय शिक्षा हासिल गर्न क्षेत्रगत कार्यक्रमको जिम्मेवारी एवम् उत्तरदायित्वसमेत स्थानीय निकायमा निक्षेपण गरिने ।
- शिक्षा व्यवस्थापन सूचना प्रणालीलाई सुदृढीकरण गरिने ।